स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,
- वन मात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदुषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउछ,

त्यसैले
वन पैदावरको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा साबधानी अपनाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



लोकगायक अर्जुन सापकोटाको नयाँ गीत "बस्यौ अलक्कै" सार्वजनिक भएको छ । गीत गायनमा सापकोटालाई गायिका शान्तिश्री परियारले स्वरमा साथ दिएकी छन् । अर्जुनकै संगीत रहेको गीतका शब्द सन्तोष सापकोटाले लेखेका हुन् । एचबिएन किस्मतको एरेन्ज गीतमा छ । गीतमा भिडियो पनि बनेको छ । युवकको युवतीप्रति एकोहोरो प्रेमकथा देखाउन खोजिएको भिडियो विशाल घिमिरे निर्देशन गरेका हुन् ।

**आजको विचार...**



३ हजार...
*(दुई पेजमा)*

रामचन्द्र उप्रेती



"पूजार सार्की"को तेस्रो गीत "जाऊँ माया" सार्वजनिक गरिएको छ । मर्मस्पर्शी भावको गीतमा बि.पाण्डेको शब्द र चना तथा केतन क्षेत्रीको स्वर रहेको छ भने फिल्मका निर्माता समेत र हेका सुभाष भुषालको संगीत छ ।

❐ वर्ष २९ ❐ अंक २८५ ❐ २०८१ जेठ २ गते बुधबार 15 May 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गणतन्त्र दिवस मौलिकरूपमा मनाउन प्रधानमन्त्रीको निर्देशन

**संक्षिप्त समाचार**

## पूर्व सांसद रेग्मीको निधन



**स्याङ्जा,** जेठ १/पूर्व सांसद खगेन्द्रराज रेग्मीको निधन भएको छ। नेपाली काँग्रेस स्याङ्जाका पूर्व सभापति समेत रहेका उनको ७५ वर्षको उमेरमा मंगलबार आफ्नै निवास भीरकोट-७ गेझबासमा निधन भएको हो । रेग्मी २०५८ सालमा राष्ट्रियसभाको सांसद भएका थिए । उनी लामो समयसम्म शिक्षण पेसामा समेत सक्रिय रहेका थियो । रेग्मी केही समयदेखि क्यान्सर रोगबाट पीडित थिए । काठमाडौंमा क्यान्सरको उपचार गराईरहेका रेग्मीको उपचारमा सुधार नदेखिएपछि उनलाई भीरकोट ल्याइएको थियो । नेपाली काँग्रेस स्याङ्जाका सचिव दामोदर लम्सालका अनुसार रेग्मीको मंगलबार स्याङ्जा र पाल्पाको संगम स्थलमा रहेको रामनदीधाम (राम्दी) स्थित कालीगण्डकी नदीमा अन्त्येष्टि गरिएको हो ।

**काठमाडौँ,** जेठ १/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गणतन्त्र दिवस मौलिक एवं रचनात्मक तवरले मनाउन निर्देशन दिएका छन् । उनले यस वर्षको जेठ १४, १५ र १६ गते तीन दिनसम्म मौलिक एवं रचनात्मक कार्यक्रम गरी गणन्त्र दिवस मनाउन निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री दाहालको अध्यक्षतामा मंगलबार सिंहदरबारमा बसेको बैठकले 'गणतन्त्र दिवस मूल समारोह समिति, २०८१' समेत गठन गरेको छ ।



प्रधानमन्त्रीको अध्यक्षतामा रहेको मूल समारोह समितिको सदस्यमा उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, काठमाडौँ महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्य सचिव, प्रधान सेनापति, ललितपुर महानगरका प्रमुख, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कि अधिकृतहरू, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बलका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक लगायत रहेका छन् ।

सरकारले विसं २०६५ जेठ १५ मा देशमा गणतन्त्र स्थापना भएको ऐतिहासिक दिनलाई प्रत्येक वर्ष गणतन्त्र दिवसका रूपमा मनाउँदै आएको छ । नेपालभित्र र विदेशस्थित नेपाली राजदूतावास नियोगहरूमा दिपावली लगायतका मौलिक कार्यक्रमहरू गर्ने निर्णय भएको छ । बैठकले संघिय सरकार तथा केन्द्रीयस्तर, विदेशस्थित नेपाली दूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावास र प्रदेश राजधानी( केन्द्र), जिल्ला र स्थानीयस्तरमा गरिने कार्यक्रमसमेत तय गरेको छ । बैठकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, काठमाडौँ महानगरपालिका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मञ्च सजावट तथा व्यवस्थापन उपसमितिलगायतका विभिन्न उपसमिति गठन गरेको हो ।

## तातो हावा 'लु' बाट जोगिने उपाय

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## वडा अध्यक्ष अर्याल भन्छन् : तानसेनको अनियमितता पत्रकारले देखेनन्

**हाम्रा संवाददाता**

**तानसेन,** जेठ १/नेपाल पत्रकार महासंघ पाल्पाका निर्वतमान अध्यक्ष एवं तानसेन नगर कार्यपालिका सदस्य राजेशकुमार अर्यालले, पाल्पाली पत्रकारहरुले सत्य तथ्य समाचारहरु लेख्न डराएको आरोप लगाएका छन् ।

नेपाल पत्रकार महासंघ पाल्पा शाखाको ११ औं अधिवेशनमा अतिथिका रुपमा बोल्दै, अर्यालले तानसेन नगर सरकारले हालै आयोजना गरेको प्रथम तानसेन महोत्सवमा व्यापक अनियमितता भएको औंल्याउँदै, सो विषय पाल्पाली पत्रकारले उठान गर्न नसकेको आरोप लगाए ।




खुलेआम भ्रष्टाचार हुँदा, मिडियाले टुलुटुलु हुर्नु हुदैन्थ्यो, पाल्पाली पत्रकारहरु विषय वस्तु उठानमा कमजोर भएका कारण आफुले यो कार्यक्रममा मनमा लागेका कुरा खुलेर वोल्न वाध्य भएको पनि बताए । उनले, आज म धेरै कुरा खोलेर गर्छु भन्दै, पाल्पाली पत्रकार र मिडियाले तानसेन महोत्सव, शिक्षा, स्वास्थ्य लगायत नगर र जिल्लामा हुने गरेका अनियमितताका विषयमा मौनता साध्नु आफैमा कमजोरी हो भने ।

अर्यालले, आफु पत्रकारिता फाँटबाटै राजनीतिमा लागेको औंल्याउँदै, तीन बर्ष पछि फेरी पत्रकारिता फाँटमै फर्के भने, सबै कुराखोतल्ने हिम्मतका साथ अगाडी बढ्छु । भन्ने आसय र इच्छा जाहेर गरे । नेपाल पत्रकार महासंघका सदस्य पत्रकारहरुले खचाखच भरिएको सभाहलमा, उनी बोल्दै गर्दा, आफु नगर कार्यपालिका सदस्य हुँदा, कार्यपालिका बैठकमा मौन बस्ने अनि बाहिर कुर्लने ? भन्ने गाई गुई पनि चली रहेको थियो । हठी र स्वच्छ क्षविभएका मानिने अर्याल महासंघ पाल्पाका पुर्वअध्यक्ष र अहिले तानसेन वडा ९ का वडा अध्यक्ष हुन ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सहकारी र राजनीति

विहान घामको झुल्को देखि साझ निद्राको आहल सम्म नेपाली भूमि र राजनीतिमा सहकारीका कुरा काट्ने काम भई नै रहेका छन् । राजनीति नै सहकारीको भूंमरीमा रुमल्लिएको आभाष हुन थालको छ । गृहमन्त्री अनि राजनेताहरु सहकारी अभियानका विषयमा आवश्यक पर्दा केही पनि वोलेनन् तर सहकारीबाट सबैको पालनपोषण भई रहेको रहेछ भन्ने कुरा अहिले आएर छताछुल्ल भएका छन् । आमसर्वसाधारणको दु:ख संग वचत गरेको पैसामा रजाई गरेका रवि र जिवीराईका काला करतुतहरुले दिन प्रति दिन प्रमाण सहित व्यापकता पाएका छन् ।

हिजो आफुलाई अत्यान्त्यै इमानदार नेता र त्यो भन्दा पहिला स्वच्छक्षविको पत्रकार भन्दै हिड्ने अनि अरु मिडियालाई भट्टेश्राप गर्ने वर्तमान गृहमन्त्री रवि लामिछानेका अनियमितताले डाँडाकाँडा ढाकेका कारण अहिले आएर उनी अत्यान्तै धर्मसंकटको राजनीतिक यात्राबाट अगाडी बढी हरेका छन् । संसद र सडक अनि न्यायप्रशासन र गृहप्रशासन हुदै, प्रधानमन्त्री र सिंगो सरकार पनि अहिले उनीमाथिको आरोप आधारहीन हो भनेर भन्न सक्ने अवस्थामा देखिदैनन् । उद्यपि सरकारका प्रधानमन्त्री र उहाँका कानूनी सल्लाहकारले गृहमन्त्री रवि लामिछानेले कुनै पनि सहकारीबाट ऋण लिएको भन्ने पुष्टि नभएको लगत तहकीकातलाई प्रमाणित गर्ने प्रयास प्रमाण पेशगर्ने क्रम जारी छ । गृहमन्त्री सत्ताको आँडमा त्रिकोणात्मक शैलीबाट आफ्ना वचाउका लागि अहोरात्र खटिरहेका छन् भने, प्रचण्ड र ओलीको माया पिरती र कुटनैतिक चरित्रको भित्री पर्दामा रवि लगाएर केही नयाँदलका नेताहरुको लोकप्रियता बढ्न नदिने खेल हो कि, भन्ने चिन्ता र चासो पनि व्याप्त रुपमा देखा परेको छन् । समय अनुसार राजनैतिक वेईमानीका लागि एक आपसमा सबैदलहरु लागि परेको देखिन्छ । त्यस कारण यी र यस्ता समस्याहरुका विषयमा नेपाली राजनीति र सरकारका नीति तथा कार्यक्रममा समेत उठेका हरेक प्रश्नका उत्तरहरु जति सक्यों, त्यति छिटो खोज्नुको कुनै पनि अर्को विकल्प नभएको अवस्था प्रति सबै पक्ष गम्भीर हुनु अहिलेको आवश्यकता हो ।

## Opinion @ Social Network

बुझाइमा फरक पर्छ कसरी बुझ्ने भनेर,
नबाल्ने ढुंगालाई त भगवान मानेर पुज्ने गर्छु म ।
*(सन्जना सिंजालीफेसबुक स्टाटसबाट https://www.facebook.com/Sinjali.sanjana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ३ हजार सहकारीमा समस्या, १८ हजार माथि प्रश्न



रामचन्द्र उप्रेती

***यसैगरी सहकारी कसरी सञ्चालन हुँदैछ भनेर नियमित चासो राख्ने छन् । यसरी चासो राख्ने सदस्य भएपछि सञ्चालकले मनमौजी सहकारीको पैसा अपचलन गर्न पाउने छैनन् । सहकारीको लगानी लिएर नतिर्ने सदस्यको घरघरमा पैसा उठाउन सदस्यले सहयोग गर्नेछन् । सहकारीको ऋण लिएर नतिर्ने छुट कसैलाई हुनेछैन ।***

अहिले सहकारी भन्ने बित्तिकै जनमानसमा तरंगित हुने भावना दुई प्रकारको छ । पहिलो, जो सहकारीमा आवद्ध भएर आफ्नो जीवनमा सहजता आएको अनुभूति गरेका छन्, उहाँहरू सहकारीप्रति सकारात्मक धारणा राख्नुहुन्छ । उहाँहरू सहकारी चाहिन्छ, आवश्यक छ, सहकारी जोगाउनुपर्छ भन्ने ठान्नुहुन्छ । सहकारीलाई माया गर्नुहुन्छ । सहकारीका नराम्रा खबरले यस्ता मानिसलाई चिन्तित बनाएको छ । दोस्रो, जसले सहकारीमा राखेको आफ्नो बचत गुमाउनुभएको छ उहाँहरू सहकारीप्रति आक्रोशित हुनुहुन्छ । उहाँहरू सञ्चालक फरार भएको, सहकारीले पैसा फिर्ता नगरेको र फिर्ता पाउने कुराको निश्चित पनि नभएको अवस्था सिर्जना भएपछि सरकार गुहार्न पुग्नुभएको छ । उहाँहरूलाई लागेको छ यस्ता ठग सहकारीहरू खोल्न दिएर सरकारले गल्ती गरेको छ ।

उहाँहरूको बुझाइमा हाम्रो दु:खले आर्जेको पैसा जोखिममा छ । अत: सरकारले नै यसको जिम्मा लिएर बचतकर्ताको पैसा फिर्ता गर्नुपर्छ । उहाँहरूमध्ये कति त हामी ठगियौं अब अरूले ठगिनु नपरोस् भनेर सहकारी चल्नै दिनुहुँदैन भन्नेहरू पनि हुनुहुन्छ । सहकारीमा देखिएको यो संकटमा पनि केही राम्रो काम भएको छ । एउटा ठूलो र सकारात्मक काम भनेको सहकारी शिक्षाको व्यापक विस्तार भएको छ । अझ माननीय गृहमन्त्री रवि लामिछाने र कान्तिपुर मिडिया ग्रुपको जुहारीले सहकारीमा कसरी ठगी भएको छ, टाठाबाठा भनिने धूर्तहरूले सहकारीको रकम कसरी दुरुपयोग गरेका छन् भन्ने छर्लङ्ग पारेको छ । माननीय रवि लामिछानेले कर्जा लिएका सहकारी एक-दुई वटा होलान् तर बचतकर्ताको पैसा फिर्ता नगर्ने सहकारी त देशभर हजारभन्दा बढी छन् । सहकारी पीडितको संङ्ख्या दशौं हजारमा छ । रवि लामिछानेले तिर्न बाँकी वा सहकारीबाट लिएको कर्जा केही करोड होला तर सहकारीमा बचतकर्ताको जोखिममा परेको रकम दशौं अर्बमा छ । देशको अब्बल ठानिएको मिडियाले सहकारी पीडितको आवाज बोल्नुपर्थ्यो, बोल्यो । तर माननीय गृहमन्त्री रवि लामिछाने यो जिम्मेवारीमा नभएको भए र रवि लामिछाने र मिडिया ग्रुपको सम्बन्ध नबिग्रिएको भए सहकारी ठगीको यो समाचारले यतिको प्राथमिकता पाउने थिएन । खास समयसम्म सो मिडिया ग्रुपका सबै सञ्चारमाध्यम झण्डै २५ प्रतिशत समाचार सहकारी ठगी र माननीय रवि लामिछानेको सेरोफेरोमा रहे । यसले गृहमन्त्री लामिछानेलाई कति नोक्सान भयो र सो मिडियालाई कति फाइदा भयो त्यसको हिसाब उनीहरू नै गरुन् । तर यो द्वन्द्वले सहकारीको राम्रै गोडमेल गरेको छ । समस्यालाई उत्खनन् गरी सतहमा ल्याएर सबैसामु छर्लङ्ग पारेको छ । बचत तथा ऋणको कारोबार गर्ने ठूला भनिएका धेरै सहकारीमा जम्मा भएको सदस्यको रकम अपचलनको मोडल यही हो । जो सहकारीका हर्ताकर्ता थिए वा छन् आफ्नो कम्पनी वा आफ्नो व्यवसायमा यसरी नै सहकारीको रकम झिकेर लगानी गरेका थिए र छन् । सहकारीको पैसा कम्पनीमा लगानी गर्न सहकारी कानुनले अनुमति दिँदैन । जब कम्पनीमा लगानी गरेको रकम डुब्यो वा लगानी गरेको व्यवसाय डुब्यो तब सहकारी पनि डुब्यो । किनकि यस्ता लगानीमा धितोको व्यवस्था गरिएको छैन वा नाममात्रको धितोको व्यवस्था भएको छ । त्यसैले सहकारी डुब्ने प्राय: निश्चित छ ।

यी सबै खालका समस्यालाई सतहमा ल्याउने काम गर्ने मिडिया लगायत सबैलाई धन्यवाद छ । यसले तीस वर्षमा बुझ्न नसकेको सहकारी बुझाउने काम गरेको छ । देशभरिमा अस्तित्वमा रहेका सहकारीको सङ्ख्या करिब ३० हजार मान्ने हो भने बढीमा २ हजार जति समस्यामा परेका हुनसक्छन् । ८-१० हजार जति झोलामा हुनसक्छन् । बाँकी करिब १८ हजार सहकारी अहिले पनि चुपचाप समुदाय र आफ्ना सदस्यको सेवामा काम गरिरहेका छन् । समस्यामा परेका सबै सहकारीका केही मिल्दाजुल्दा चरित्र छन् । ती छोप्न सकुन्जेल छोपिए र छोप्न नसकेपछि क्रमश: बाहिर आउँदैछन् । समस्यामा परेका सहकारीका मूलत: दुई प्रकारका समस्या छन् । पहिलो, सञ्चालकहरूले आफैं मनमौजी पैसाको अपचलन गरेका र दोस्रोमा सहकारीले कर्जा लगानी गर्दा पर्याप्त ध्यान दिन नसक्दा लगानी गरेको कर्जा जोखिममा परेर असुलीमा समस्या भएपछि सहकारीले पैसा फिर्ता गर्न नसकेको अवस्था ।

सहकारी सञ्चालकले आफैं मनमौजी पैसा चलाएकाहरूको हकमा त्यस्ता सञ्चालकको सम्पत्ति रोक्का, लिलाम वा बेचबिखन गरेर बचतकर्ताको पैसा फिर्ता गर्ने उपाय लगाउनुपर्छ । आवश्यक परे कानुनमा संशोधन गर्नुपर्छ । सहकारीले कर्जा लगानी गरेको रकम उठाउन समस्या भएको र पैसा फिर्ता गर्न नसकेको हकमा कर्जा असुलीमा सरकारको सहयोग हुनुपर्छ । ऋण लिनेलाई जिम्मेवार बनाउनुपर्छ । यसरी समस्यामा परेका सहकारीको हकमा समाधानको बाटो अपनाउन सकिन्छ । तर, सहकारीबाट पैसा लगेर व्यवसायमा लगानी गरेका सञ्चालक वा ऋणीको व्यवसाय नै डुबेको रहेछ भने के गर्ने ? जस्तै, 'ग्यालेक्सी फोर के' टेलिभिजन पनि एक व्यवसायको रूपमा सञ्चालनमा थियो । त्यो डुब्यो । यस्ता धेरै परियोजना समस्यामा परेका वा डुबेका छन् । परियोजना डुब्नुका अनेक कारण होलान् । ती डुबेका कति परियोजना र ऋणीको धितो कमसल होला वा धितो नै नहोला । यस्तोमा समस्या थप जटिल बन्न सक्छ । बचतकर्ताको पैसा फिर्ता पाउने सम्भावना टाढिँदै जान्छ । यसरी सहकारीको रकम नियम विपरीत अपचलन गर्ने, लगानी गर्ने, ऋण लिएर नतिर्नेलाई कारबाही गर्न र जेल हाल्न सकिएला तर पैसा फिर्ता गराउन सकस छ । सहकारीमा जम्मा गरेको पैसा सहकारीबाटै फिर्ता गर्ने उपाय असफल भएमा यस्तो रकम नेपाल सरकारले आफ्नो ढुकुटीबाट तिर्ने वैधानिकता र सामर्थ्य दुवै राख्दैन । बचतकर्ताको पैसा डुब्छ ।

सहकारीमा राखेको पैसा डुब्नु व्यावहारिक घटना हो । यसको सैद्धान्तिक पक्ष भनेको सहकारीप्रतिको बुझाइमा रहेको त्रुटि हो । सहकारीलाई बैंक बुझ्ने भूल ठूला बचतकर्ताले गरेका छन् । ठूला बचतकर्ता ब्याजको लोभमा परेका छन् । साना बचतकर्ता दैनिक जम्मा गर्न सजिलो भएको र अलिअलि गर्दै अलि ठूलो बचत गर्न सकिने कारणले सहकारीमा बचत गर्न लोभिएका हुन् । यी दुवै प्रकारका बचतकर्ताले आफूले कस्तो संस्थामा कारोबार गर्दैछु भनेर बुझ्न चाहेको देखिँदैन । सहकारीले आफ्ना सदस्यलाई विश्वासमा लिने काम गरेको देखिँदैन । सहकारी सञ्चालकले सहकारीको मर्म र उद्देश्यअनुरूप काम नगरेको, सहकारीलाई ठीक तरिकाले नबुझेको, बुझ्न कोसिस नगरेको, लहलहैमा सञ्चालकमा बसेको जस्ता कमजोरी समस्यामा परेका सहकारीमा देखिन्छ । सहकारीहरू यो प्रतिकूलतामा पनि ठिङ्ग उभिएर आफ्ना सदस्यको विश्वास जितेर काम गरिरहेका छन् । अझै सशक्त बनेका छन् । सदस्यकेन्द्रित र समुदायकेन्द्रित सहकारीमा समुदाय र सदस्यको भरोसा एवम् विश्वास बढेको छ । यो संकटले के संकेत गरेको छ भने सहकारी सदस्य र समुदायकेन्द्रित भएर सञ्चालन हुँदा बैंकले भन्दा राम्रो सेवा दिन सक्छन् । समुदाय र सदस्यको सुख-दु:खको साथी बन्न सक्छन् । वित्तीय जोखिम धान्न सक्षम हुन्छन् । धेरै सहकारीले यो संकटमा पनि राम्ररी काम गर्न सक्नुले यो प्रमाणित गरेको छ । खराब नियत राखेर सहकारीमा आएकाहरू यो संकटमा सकिने छन् या सच्चिने छन् । सहकारीलाई बैंक बुझ्ने, ब्याजको लोभमा पैसा राख्नेहरूले चेतेका छन् । बुझ्दै नबुझी, सहकारीका सञ्चालक नै नचिनी, संस्थाको कार्यालय नै नदेखी सजिलो भयो भन्दैमा खुरुखुरु पैसा राख्नेहरू पनि घाइते भएर सिकेका छन् । आगामी दिनमा तिनले पनि अनगिन्ती सहकारीका खाता खोल्ने छैनन् । सदस्य बनाउन आउनेलाई राम्ररी सोध्ने छन् । सबै कुरा बुझेर, सञ्चालक चिनेर, कार्यालय देखेर आफूलाई चित्त बुझेमा विश्वास लागेमा र आफूले पनि योगदान गर्न सक्ने भए मात्रै सदस्य बन्ने छन् । कार्यक्रममा भाग लिनेछन् । यसैगरी सहकारी कसरी सञ्चालन हुँदैछ भनेर नियमित चासो राख्ने छन् । यसरी चासो राख्ने सदस्य भएपछि सञ्चालकले मनमौजी सहकारीको पैसा अपचलन गर्न पाउने छैनन् । सहकारीको लगानी लिएर नतिर्ने सदस्यको घरघरमा पैसा उठाउन सदस्यले सहयोग गर्नेछन् । सहकारीको ऋण लिएर नतिर्ने छुट कसैलाई हुनेछैन । यति भएपछि सहकारी समस्यामा पर्ने भन्ने हुँदैहुँदैन ।

पालिका, प्रदेश र सँघीय सरकारले सहकारीप्रति बेवास्ता गर्ने छैनन् । सहकारीको अवस्थामा नियमित निगरानी राख्नेछन् । सहकारीको महत्त्व बुझ्नेछन् । सहकारीले राम्ररी काम गर्दा सरकारलाई नै सघाइरहेका हुनेछन् र सहकारी बिग्रिए समस्या लिएर जनता सरकार घेर्न पुग्नेछन् भन्ने बुझ्नेछन् । उनीहरूले पनि सहकारीको सञ्चालकमा लहलहैमा नबुझी बस्नु हुने रहेनछ भनेर थाहा पाएका छन् । सहकारी समस्यामा पर्दा सञ्चालक जेल जानुपर्ने, जायजेथाबाट सहकारीका सदस्यको पैसा फिर्ता गर्नुपर्ने रहेछ भन्ने बुझेपछि कि बुझेर मात्रै सञ्चालक बन्नेछन् कि सञ्चालक बनेर बुझ्न लाग्नेछन् । अहिले त १५ वर्षको अनुभव छ सहकारीको भन्ने सञ्चालकलाई सहकारीमा कतिवटा सिद्धान्त छन् भन्यो भने जवाफ दिन नसक्ने अवस्था छ । जेहोस्, अहिलेको हल्लाखल्लाले सहकारीको राम्रै गोडमेल हुनेछ । सहकारीको पैसाले ठालु पल्टिएकाहरूले महलबाट झुपडीमा, एसी गाडीबाट भाडाको टेम्पोमा सम्म त धेरै बेठीक होइन तर जेलमा वा लुकेर जीवन बिताउनु पर्दा पक्कै सकस हुन्छ । यो अवस्था देखेका र भोगेकाले सजिलै सहकारीलाई दुरुपयोग गर्ने आँट गर्ने छैनन् । शक्तिमा बसेर केही दिन, महिना, वर्ष जोगिए पनि समाज र कानुनको नजरबाट सधैं जोगिन सक्ने छैनन् । त्यसैले आगामी दिन सहकारीका लागि उज्ज्वल छन् । सहकारीले नै समाजलाई जोड्नेछ । आर्थिक र सामाजिक क्रियाकलापमा सदस्य र समुदायलाई सक्रिय बनाउने छ । यो प्रतिकूलताबाट सबैले सिक्न जरूरी छ ।

*-आलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : होसियारी पूर्वक काम गर्नुहोला । आर्थिक लेनदेनमा सचेत रहनु पर्नेछ । | **तुला** : घरमा अतिथिको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । |
| **वृष** : कुनै कुराले मनमा शान्ति छाउनेछ। प्रेममा सफलता प्राप्त हुनेछ । | **वृश्चिक** : शुभ समाचार सुन्न पाइएला । कला र गलाको प्रभाव बढ्नेछ । |
| **मिथुन** : अरूलाई प्रभावित पारेर काम बन्नेछ । संकल्प सिद्ध हुनेछ । | **धनु** : स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **कर्कट** : आँटेको कार्य पुरा होला । आफन्तको प्रगतिमा मन रमाउनेछ । | **मकर** : आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ । |
| **सिंह** : मनमा दुबिधा उत्पन्न हुनेछ । नयाँ कामको थालनी हुनेछ । | **कुम्भ** : रमणीय र सुखद् यात्राको योग छ । मनमा हर्ष र उत्साह रहला । |
| **कन्या** : रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ । | **मीन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। कलाको प्रभाव बढ्नेछ । |

## कला मनोरञ्जन

# कान्स फिल्म फेस्टिभलमा सहभागी हुँदै मेयर बालेन



काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा सहभागी हुने भएका छन् । उनी दुईजना सल्लाहकार सहित फ्रान्सतर्फ प्रस्थान गरेका थिए । मेयर बालेनसँग उनका व्यवस्थापन सल्लाहकार कुमार व्यञ्जनकार र पूर्वाधार सल्लाहकार सुनिल लम्साल पनि जाँदैछन् । कान्सका मेयर डेभिड लिसनार्डको निम्तोमा त्यता जान लागेका बालेनले फेस्टिभलमा तीन दिन बिताउँनेछन् ।

त्यस क्रममा आयोजना हुने विविध कार्यक्रममा पनि उनको सहभागिता हुनेछ । मेयर लिसनार्ड र फेस्टिभल निर्देशकसँग उनको भेटवार्ता तय भएको छ । यसबाहेक फेस्टिभलको रेडकार्पेट र प्रिमियरमा पनि उनी सहभागी हुनेछन् । बालेनको सम्मानमा कान्सको मल्टिमिडिया लाइब्रेरीमा रिसेप्सनको आयोजना गरिएको छ । मेयर र फेस्टिभल निर्देशकसँग द्विपक्षीय भेटवार्ता हुने भएपनि एजेन्डा भने तय भइसकेको छैन । बालेनले कान्स बसाइमा त्यहाँको अडियो-भिजुअल कन्टेन्ट क्रिएसन चेनको अवलोकन समेत गर्नेछन् । राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) ले नेपालको राजधानी सहर काठमाडौंलाई 'फिल्मको रचनात्मक सहर'को रुपमा २०८० सालको कात्तिकमै सूचीकृत गरेको छ ।

फ्रान्सको कान्स सहर पनि फिल्मको 'क्रिएटिभ सिटी'को एक सदस्य हो । कान्सका मेयरले बालेनलाई पठाएको निम्तो पत्रमा फेस्टिभल फिल्मको क्रिएटिभ सहरलाई एक ठाउँमा ल्याउने अवसरको रुपमा उल्लेख गरेका छन् । यो भेटमा अन-एयर भनिने अडियो भिजुअल कन्टेन्ट चेनबारे जान्न सजिलो हुने कान्सका मेयरले पत्रमा उल्लेख गरेका छन् । फिल्मको रचनात्मक सिटीको रुपमा सूचीकृत भएपछि यतिबेला महानगरपालिका कार्यविधि निर्माणमा जुटिरहेको छ । २०८१ सालदेखि नै फिल्म फेस्टिभल सहितका कार्यक्रम आयोजना गर्ने तयारी छ । ७७ औं कान्स फेस्टिभल १४ देखि २५ मेसम्म आयोजना हुँदैछ । यस वर्ष नेपालबाट कुनै फिल्म छनोट नभएपनि नेपालमा छायांकन भएको 'द सेमलेस' अन रिगार्ड विधा र नेपाली भाषाको फिल्म 'तारा : अ लस्ट स्टार' मार्केट स्क्रिनिङ विधामा छनोट भएका छन् । यी दुवै फिल्ममा नेपाली कलाकार र प्राविधिकको संलग्नता छ ।

*-अनलाइनखबर डटकम*

# 'पुजार सार्की'को ट्रेलरमा आकर्षण, 'फर्की फर्की'मा स्टारडमको प्रभाव




एकैदिन रिलिजको तयारी गरिएका नेपाली कथानक चलचित्र 'पुजार सार्की' र 'फर्की फर्की' दुवैको बलियो सम्भावना देखिएको छ । 'पुजार सार्की'को ट्रेलरले सम्भावना देखाएको हो । 'फर्की फर्की'मा स्टारडम देखिएको छ । 'पुजार सार्की'को ट्रेलर रिलिजपछि सिनेमाप्रति दर्शकको अपेक्षा बढाएको छ । ट्रेलरमा चलचित्रका मुख्य पात्रत्रय प्रदीप खड्का, आर्यन सिक्देल र पल शाह चरित्र अभिनयमा देखिएका छन् ।

उनीहरूमार्फत निर्देशकले जातीय विभेदको कथा भन्ने प्रयास गरेको ट्रेलरमा देखिएको छ । कथित उचनिच, प्रेम र द्वन्द्व (सामाजिक क्रान्ति) समेटिएको ट्रेलर अपेक्षा जगाउन सफल छ । यता, एक वर्षभन्दा धेरै समय कुनै चलचित्रमा काम नगरेका अनमोल केसीको स्टारडम चलचित्र 'फर्की फर्की'को ट्रेलरमा देखिएको छ । लामो समय सिनेमाका पब्लिसिटी कन्टेनमा खासै आकर्षण नदेखिएको क्रमलाई यसले भंग गरेको छ । 'फर्की फर्की'को ट्रेलरले २४ घण्टामा १० लाख भ्युज पाएको थियो । तीन हप्तामा ३० लाखभन्दा धेरैले ट्रेलर हेरेको देखिएको छ । 'फर्की फर्की'को ट्रेलरमा प्रोडक्सन भ्यालु उच्च देखिएको छ । सामाजिक सञ्जालमा यसको प्रशंसा समेत भइरहेको छ । प्रोडक्सन भ्यालु र अनमोलको 'क्रेज'का कारण पनि यो सिनेमाले सम्भावना देखाएको छ । 'फर्की फर्की'मा अनमोलसँगै जसिता गुरुङ, रभी काफ्ले, समृद्धि अर्याललगायत कलाकार मुख्य भूमिकामा छन् । सुयोग गुरुङ निर्देशित चलचित्रको निर्माता रोहित अधिकारी हुन् । प्रदीप, आर्यन र पलसँगै अञ्जना बराइली, परीषा लिम्बू, प्रेम सुब्बा, लोकेन्द्र लेखक मुख्य भूमिकामा रहेको चलचित्र 'पुजार सार्की' दिनेश राउतले निर्देशन गरेका छन् । सुवास भुसाल यो सिनेमाका निर्माता हुन् । कन्टेनले आकर्षण गरेका सबै चलचित्र राम्रा हुन्छन् र दर्शकले मन पराउँछन् भन्ने छैन । यसअघिका उदाहरणले पनि यो पुष्टि गरिसकेको छ । पछिल्लो समय पब्लिसिटी कन्टेन पोस्टर तथा ट्रेलरमा मिहिनेत गर्ने र चरित्र निर्माणमा ध्यान दिने गरिए पनि चलचित्र अपेक्षित हुने गरेका छैनन् । 'अगस्त्य च्याप्टर-१' मा सौगात मल्लको चरित्रमा मिहिनेत देखिएको थियो । तर, सौगातको चरित्रमा मिहिनेत गरिएजस्तो समग्र सिनेमा थिएन । 'डिग्री माइला'को ट्रेलरले धेरैलाई लोभ्याए पनि चलचित्रले त्यही अनुपातमा दर्शक हलमा तान्न सकेन । दिनेश राउतकै चलचित्र 'प्रकाश'मा प्रदीप खड्काले आफूलाई भर्सटाइल अभिनेताका रूपमा प्रमाणित गरे । तर, हाइपअनुसार ठूलो संख्यामा सिनेमा हेर्न दर्शक हलमा पुगेनन् । तर, पब्लिसिटी कन्टेन गीत, पोस्टर र ट्रेलरमा खासै आकर्षण नदेखिएको 'महाजात्रा'ले लोभलाग्दो बक्सअफिस कलेक्सन गर्‍यो । गीतबाहेक पब्लिसिटी कन्टेनमा खासै आकर्षण नदेखिएको र राम्रो हाइप बनाउन नसकेको 'बोक्सीको घर'ले समेत अनपेक्षित बक्सअफिस कलेक्सन गर्‍यो । त्यसैले ट्रेलर वा पोस्टरभन्दा पनि समग्र चलचित्र कस्तो छ, त्यसले व्यापार निर्धारण गर्ने विगतका सिनेमाले पुष्टि गरेका छन् ।

*-बाह्रखरी डटकम*

# फिल्म 'सिटामोल' को जापान प्रदर्शन अधिकार बिक्री

अभिनेता सौगात मल्ल र अभिनेत्री बेनिशा हमालको मुख्य अभिनय रहेको फिल्म 'सिटामोल' को जापान प्रदर्शन अधिकार बिक्री भएको छ । राज बहादुर सानेको निर्देशनमा निर्माण भएको फिल्मको जापान प्रदर्शन अधिकार गरिमा फिल्मसले किनेको हो । नेपाल र जापानमा एकैदिन रिलिज गर्ने सहमतिअनुसार प्रदर्शन अधिकार बेचिएको निर्माण टिमले जनाएको छ । निर्देशक सानेले फिल्मको प्रदर्शन मिति घोषणा नहुँदै विदेश राइट्स बिक्री हुन थालेपछि 'सटामोल' लाई सबै हिसाबले अब्बल बनाउनुपर्ने चुनौती थपिएको बताए । अन्य देशबाट पनि प्रदर्शन अधिकारको लागि कुरा भइरहेकाले चाँडै प्रदर्शन मिति घोषणा गरेर प्रचारमा जुट्ने तयारी रहेको उनले बताए । माओवादी जनयुद्धको कथा उठान गरेको 'सिटामोल' को अहिले पोष्ट प्रोडक्शनको काम भइरहेको छ । तुलसी देवी फिल्म प्रालीको ब्यानरमा निर्माण भएको फिल्ममा सौगात र बेनिशासहित लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, दिनेश रेग्मी, समिप निरौला, जानुका विश्वकर्मा, ज्ञानु सेञ्चुरी, पवन भट्टराई, काजल भुजेल र बालकलाकार करण नेपाली र आराध्या राज्यलक्ष्मी डिसी लगायतको अभिनय छ । भुगोल कुमार कार्की निर्माता रहेको फिल्ममा रामचन्द्र उपाध्याय, अप्सरा नेपाली, गंगाराम श्रेष्ठ, अजय कुमार बिक र कुमार केसी कार्यकारी निर्माता छन् ।

फिल्मलाई दिव्य सुवेदीले खिचेका हुन् ।

*-सेतोपाटी डटकम*

# आदिपुरुषभन्दा महँगो छ नितेश तिवारीको रामायण



**नयाँ दिल्ली**, नितेश तिवारीको निर्देशनमा बन्न लागेको 'रामायण' चर्चा फिल्मको घोषणा हुनु भन्दा अगाडि देखिनै चलेको हो । फिल्मका कलाकार, उनीहरूको पोसाक लगायत हरेक विषयले निकै चर्चा पाइरहेका छन् ।

केही दिन अघि फिल्म सेटका तस्बिर र भिडियो लिक भएका थिए । यी तस्बिर र भिडियोहरू देखेर दर्शकहरू फिल्मप्रति झनै उत्साहित छन् । 'आरआरआर', 'आदिपुरुष' र 'कल्की २८९८ एडी' सबै ५ सय करोडभन्दा बढीको बजेट भएका फिल्म हुन् । तर रामायणले यी सबै फिल्मको रेकर्ड तोड्ने क्रममा छ । खबरका अनुसार फिल्मको पोस्ट प्रोडक्सनको काममा ६ सय दिन लाग्ने छ । चलचित्रको सुटिङ गत महिना सुरु भएको थियो । फिल्म सन् २०२६ मा रिलिज हुने बताइएको छ ।

फिल्ममा रणवीर कपुर र साई पल्लवी राम र सीताको भूमिकामा छन् । यो पौराणिक फिल्म यसअघि नै भारतमा अहिलेसम्मकै सबैभन्दा महँगो फिल्मको सूचीमा नै समावेश भइसकेको छ । 'रामायण: पार्ट वन' को बजेट १० करोड अमेरिकी डलर अर्थात ८३५ करोड रुपैयाँ हुने बताइएको छ ।

निर्माताहरूले फिल्मलाई अन्तर्राष्ट्रिय स्तरमा बनाउन लागेको बताइएको छ । यसका लागि अनुमानित ८ खर्ब ३५ करोडको मेगा बजेट तय गरिएको छ । रामायण फ्रेन्चाइजमा निर्माताहरूले पैसाको खोलै बगाउन तयार रहेको स्रोतहरुलाई उद्धृत गर्दै भारतीय सञ्चार माध्यमहरूले समाचार छापेका छन् । यो फिल्मको भिजुअल इफेक्टले दर्शकहरू निकै ठुलो छाप छाड्ने बताइएको छ ।

२०२२ को ब्लकबस्टर फिल्म 'ब्रह्मास्त्र'मा रणवीर कपुरले मुख्य भूमिका निभाएका थिए । यो फिल्मको बजेट ४५० करोड थियो । फिल्मले बजेटभन्दा बढी कमाइ गरेको थियो । अब रणवीरले 'रामायण' मार्फत हिन्दी सिनेमामा नयाँ ट्रेन्ड सेट गर्ने क्रममा छन् ।

*-रातोपाटी डटकम*

# चलचित्र 'मोदीबेनी' साउन १८ गते रिलिज हुने




चलचित्र 'मोदीबेनी' आगामी साउन १८ गते रिलिज हुने भएको छ। चलचित्रका निर्माता दिलीप केसीले यो चलचित्रको लागि सबैभन्दा उत्तम मिति हेरी टुंगो लगाइएको बताए । 'मोदीबेनी'ले पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको अविश्वसनीय घटनामा आधारित कथा भन्ने निर्देशक शंकर कोइरालाले बताए । यस चलचित्रमा अभिनेताको रूपमा अमर प्रताप श्रेष्ठले डेब्यु गर्दैछन् भने उनको अपोजिटमा अभिनेत्री वर्षा सिवाकोटीको अभिनय रहेको छ । यस चलचित्रबाट अभिनेत्री रेजिना उप्रेतीले करिब १२ वर्षपछि कमब्याक गरेकी छन् । निर्देशक कोइरालाले पनि यही चलचित्रबाट निर्देशनमा डेब्यु गरेका छन् । 'मोदीबेनी'मा अमर, वर्षा र रेजिनासहित प्रवीण खतिवडा, सरोज खनाल, दिलीप केसी, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेहा भट्टराई, लाबिस लगायतको अभिनय रहेको छ । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बनेको यो चलचित्रलाई आनन्द बिक्रम क्षेत्रीले लेखेका छन्। यसमा दिलीप के.सी. निर्माता र हरि श्रेष्ठ सह-निर्माता रहेका छन् । उत्सव दाहालको डिओपी, भरत रेग्मीको सम्पादन, दीपेन्द्र गौतम (माइकल)को प्रोडक्शन डिजाइन, श्याम बरालको मेकअप, गीता पौडेलको हेयर डिजाइन, भीम श्रेष्ठको ड्रेस डिजाइन र सगुन तामाङको प्रमुख सहायक निर्देशन रहेको छ । रिच इन्टरटेन्मेन्टले काठमाडौं उपत्यका र एफडी कम्पनीले उपत्यका बाहिर वितरण गर्दैछन् । चलचित्रको पोस्टर डिजाइन रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्टले गरेका छन् ।

*-डिसी नेपाल डटकम*

# 'घरज्वाइँ'को टिजरमा मगर संस्कृति



असार २८ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र 'घरज्वाइँ'को टिजर सार्वजनिक गरिएको छ । अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको मुख्य भूमिका रहेको चलचित्र 'घरज्वाइँ'को आइतबार टिजर सार्वजनिक गरिएको हो । अनिल बुढामगरको निर्देशनमा निर्माण भएको चलचित्रलाई जनक घर्ती मगरले निर्माण गर्नुभएको हो । चलचित्रको केही साताअघि सार्वजनिक पोष्टर तथा क्यारेक्टर लुक्सको चर्चा भइरहँदा निर्माण टिमले आइतबार दर्शकमाझ करिब दुई मिनेट लामो टिजर सार्वजनिक गरेको हो । टिजरले दयाहाङ र मिरुनाबीचको सम्बन्धलाई देखाएको छ । पूर्वी रुकुमस्थित तकसेराको मगर गाउँमा खिचिएको यो चलचित्रले मगर समुदायको संस्कृतिको कथा भन्छ । जिएम मुभिज र एबिएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्रमा सुसन प्रजापतिको छायांकन छ । पूर्वी रुकुम आसपासमा छायांकन गरिएको चलचित्रको कथा पनि निर्देशक अनिल आफैंले लेख्नुभएको हो । उहाँलाई पटकथा तथा संवाद लेखनमा भने विनोद खतिवडा र सुभाष कोइरालाले सघाउनुभएको छ । चलचित्रमा दयाहाङ र मिरुनासँगै बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आले, अनु थापा, बिना थापामगर, सोनाम लामा, बिबेश बुढामगर, सुनिल मगरलगायत कलाकारको अभिनय छ । चलचित्रका गीतमा हर्क साउद र मनोज थापाको शब्द तथा संगीत छ । कृष्ण भण्डारीले सम्पादन गर्ने सिनेमाको डिजिटल पार्टनर बुढा सुब्बा डिजिटल रहेको छ । एमएसएमले अष्ट्रेलियाले सिनेमाको विदेश प्रदर्शन अधिकार लिएको छ भने नेपालमा आरआर फिल्मस्ले वितरण गर्दैछ ।

*-इहिमालय टाइमस*

# रिब्दिकोटमा पहाडी क्षेत्रमै पहिलो कपडा बैंक शुभारम्भ




**पाल्पा,** जेठ १/पाल्पाको रिब्दिकोटमा पहाडी क्षेत्रमै पहिलो क्लोथ बैंक अर्थात् कपडा बैंकको शुभारम्भ गरिएको छ । क्लोथ एन्ड फुड बैंक नेपालसँगको सहकार्यमा गाउँपालिकाले कपडा बैंकको सुरुवात गरेको हो ।

प्रयोगमा नआउने कपडाहरूलाई संकलन गर्ने र त्यसको पुन: प्रयोगबाट विशेष गरी कपडाविहीनलाई नि:शुल्क वितरण गर्ने उद्देश्यले कपडा बैंक सुरु गरिएको गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले बताए ।

उनले भने, 'समाजमा धेरै कुराको गरिबी छ, त्यसमा पनि खान र लाउन पाउनु मानिसको पहिलो सर्त हुन्छ यसअन्तर्गत नि:शुल्क रूपमा कपडा वितरण गर्न सकिने यो तरिका वास्तवमै उपयुक्त छ । त्यसैले हामीले सुरु गरेका छौं,' गाउँपालिका अध्यक्ष कार्कीले यसको प्रारम्भ गर्न ढिलो भएको बताउँदै पुण्यको कामको सुरुवात गर्न पाएकोमा खुसी व्यक्त गरे । पालिकाकामा संकलित प्रयोगमा नआएका पुराना लत्ताकपडालाई पुन: प्रशोधन अर्थात् रि-साइकल गरी आवश्यकताका आधारमा मौसमअनुसार कपडा नि:शुल्क वितरण गरिने अध्यक्ष कार्कीको भनाइ छ । संकलित कपडा र अन्य वस्तुलाई'क्लोथ एन्ड फुड' बैंकले 'रिसाइकल' गर्नेछ ।

रिसाइकल गरिएका कपडाहरूलाई माग तथा स्थानीय तहको सिफारिसका आधारमा नि:शुल्क वितरण गरिनेछ । विपन्न तथा गरिब वर्गलाई उनीहरूको घरघरमै कपडा वितरण गर्ने अभियानमा सहभागी हुन बैंकका अध्यक्ष कमल जिसीले अनुरोध गरेका छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ पोखरेलले दान गर्नका लागि कुनै अवसर र नगद नचाहिने भन्दै आफनो घर छिमेकमा रहेका कपडाहरू संकलन गरी गाउँपालिका कार्यालय परिसरमा रहेको बैंकमा जम्मा गरिदिन आग्रह गरे। एक सय ८७ स्थानीय तहमा कपडा बैंक सञ्चालन हुने क्रममा छ । यही साता नै बैंकले पाल्पाका विभिन्न स्थानीय तहका कपडाविहीनलाई कपडा वितरण गरेको छ ।

# गाउँले देउरालीले मनायो : ३१ औ वार्षिकोउत्सव




**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ १/गाउँले देउराली साप्ताहिक समाचारपत्रले ३१ औ वार्षिकउत्सव तानसेनमा मनाएको छ । पत्रिकाको वार्षिकउत्सवको अवसरमा लेखकहरु हरिप्रसाद भुसाल र नारायण अधिकारीलाई सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले गाउँले देउरालीको कारण यो क्षेत्रमा पत्रकारिता मौलाएको बताए ।

पत्रिकाका अतिथी सम्पादक मेघराज शर्मा, पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना, प्रेस स्वतन्त्रता सेनानी झपेन्द्र गहिरे, पत्रकार महासंघ पाल्पाका पुर्वअध्यक्ष भगवान भण्डारी,सम्मानित व्यक्तिहरु हरि भुसाल र नारायण अधिकारीले आ आफ्ना धारणा व्यक्त गरे ।

ग्रामिण विकास संघ पाल्पाका अध्यक्ष सोमनाथ अर्यालको अध्यक्षता, पत्रिकाका सम्पादक रामप्रसाद अर्यालको स्वागत र सह सम्पादक रामचन्द्र नेपालको संचालनमा कार्यक्रम भएको थियो ।

**लुम्बिनी प्रदेश सरकार**
**उद्योग,पर्यटन तथा सहकारी मन्त्रालय**
**पर्यटन विकास परिषद्**
**बुटवल, रुपन्देही नेपाल**

## तालिम सञ्चालन सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८१/०२/०२**

पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेशको आयोजनामा देहाय बमोजिमको तालिम सञ्चालन गरिने हुँदा इच्छुक तथा योग्य नेपाली नागरिकहरुले मिति २०८१ साल जेष्ठ ८ गते भित्र तपसिल बमोजिमका मापडण्डका अधिनमा रहि दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | तालिमको नाम | तालिम हुने समय र स्थान | संख्या |
|---|---|---|---|
| १ | साना तथा मझौला होटल व्यवस्थापन तालिम | बिहान ८:३० देखि बेलुकी ५:०० बजे सम्म, तम्घास, गुल्मी | ४० जना |

**नोट :**
- आवेदन फारम पर्यटन विकास परिषद्को कार्यालय बुटवलबाट उपलब्ध गराइनेछ, साथै website -https://tdc.lumbini.gov.np मार्फत प्राप्त गर्न सकिनेछ ।
- प्रशिक्षार्थी १८ वर्ष उमेर पुगेको र नेपाली नागरिक हुनुपर्ने छ ।
- प्रशिक्षार्थीको शैक्षिक योग्यता सामान्य लेखपढ गर्न सक्ने र होटल पेशामा कार्यरत तथा अनुभवीलाई प्राथमिकता दिइने छ ।
- प्रशिक्षार्थीले अनुसूची १ बमोजिम फारम भरि नागरिकता, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनुपर्ने छ ।
- तालिम २०८१ जेष्ठ १२ गते देखि १८ गते सम्म सञ्चालन हुने छ । प्रशिक्षार्थी अनिवार्य रुपमा तालिम अवधिभर उपस्थित हुनुपर्ने छ ।
- तालिम अवधिभर खाजाको व्यवस्था परिषद्रुबाट उपलब्ध हुनेछ । सो भन्दा बाहेक अन्य कुनै भत्ता उपलब्ध हुने छैन र अन्य थप शुल्क पनि लाग्ने छैन ।
- थप जानकारीका लागि ०७१-५९१२२०, वा Email - tdclumbini@gmail.com

## खेलकुद समाचार

# नविता र श्यान्टुको लगातार दोस्रो जित



**काठमाडौं,** जेठ १/नेपाली खेलाडी नविता श्रेष्ठ र श्यान्टु श्रेष्ठले पेरिस ओलम्पिक २०२४ अन्तर्गत टेबलटेनिसको अन्तिम चरणको दक्षिण एसियाली छनोटमा सोमबार लगातार दोस्रो जित हात पारेका छन् । पुरुष सिंगल्सतर्फ ग्रुप वानमा रहेका श्यान्टुले दोस्रो खेलमा बंगलादेशका रामहिमलियन बावनलाई ४-२ ले पराजित गरे । खेलमा श्यानट्ले रामहिमलियनलाई १३-११, १२-१०, ९-११, १२-१०, ५-११, ११-६ ले पराजित गरे ।

त्यसअघि श्यान्टुले पहिलो खेलमा माल्दिभ्सका अहमद अख्यारलाई ४-१ ले पराजित गरेका थिए । यस्तै महिला सिंग्लसतर्फ ग्रुप थ्री मा रहेकी नविताले दोस्रो खेलमा बंगलादेशकी सोनाम सोमा विरुद्ध ४-३ को रोमाञ्चक जित हात पारिन् । पहिलो सेट ११-८ ले आफ्नो पक्षमा पारेकी नविताले त्यसपछि लगातार तीन सेट गुमाएकी थिइन् । सोनामले ११-८, ११-९, ११-४ ले आफ्नो पक्षमा पार्दै ३-१ को अग्रता बनाएकी थिइन् । तर त्यसपछि नविताले उत्कृष्ट पुनरागमन गर्दै लगातार तीन सेट जितिन् । उनले ११-४, ११-६, ११-८ ले पाँचौ, छैटौं र सातौं सेट आफ्नो पक्षमा पार्दै खेल जितिन् । त्यसअघि नविताले पहिलो खेलमा पर्नियाखानलाई ४-१ ले पराजित गरेकी थिइन् । यसैगरी पहिलो दिन महिला सिंगल्सतर्फ इभाना थापा मगरले पनि विजयी सुरुवात गरिन् । उनले ग्रुप टुको खेलमा श्रीलंकन इशारा मधुरांगीलाई ४-१ ले हराइन् । पुरुष सिंगलसतर्फ संयोग कपालीको प्रदर्शन मिश्रीत रह्यो । उनले पहिलो दिन एक जित र एक हारको नतिजाको निकाले । ग्रुप टु को खेलमा संयोग कपालीले बंगलादेशका मोहुतासिन अहमद रिदोएलाई ४-१ ले पराजित गरे । संयोगले रिदोएलाई ११-८, ११-७, ३-११, १३-११, ११-८ ले पराजित गरे ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

## कर्पोरेट/अर्थ समाचार

# बैंकको ब्याज सस्तियो, ब्रोकर कमिसन पनि घट्यो




**पाल्पा,** जेठ १/जेठ १ गते देखि लागू हुनेगरी नियामक नेपाल धितोपत्र बोर्डले घटाएको ब्रोकर कमिसन घटाउने निर्णय कार्यान्वयनमा ल्याएको छ । अर्थात, मंगलबार हुने कारोबारदेखि यसअघि भन्दा कम ब्रोकर कमिसन लाग्नेछ ।

घटेको कमिसनको हिसाबमा अब लगानीकर्ताले ५० हजार रुपैयाँसम्मको सेयर कारोबारमा ०.३६ प्रतिशत, ५० हजार रुपैयाँदेखि ५ लाख रुपैयाँसम्मको कारोबारमा ०.३३ प्रतिशत, ५ लाख रुपैयाँदेखि २० लाख रुपैयाँसम्मको कारोबारमा ०.३१ प्रतिशत, २० लाख रुपैयाँदेखि १ करोड रुपैयाँसम्मको ०.२७ प्रतिशत र १ करोड रुपैयाँमाथि ०.२४ प्रतिशत ब्रोकर कमिसन तिर्नुपर्नेछ । ब्रोकर कमिसन घट्नु अघि लगानीकर्ताले ५० हजार रुपैयाँसम्मको शेयर कारोबारमा लगानीकर्ताले ०.४० प्रतिशत, ५० हजार रुपैयाँदेखि ५ लाख रुपैयाँसम्मको कारोबारमा ०.३७ प्रतिशत, ५ लाख रुपैयाँदेखि २० लाख रुपैयाँसम्मको कारोबारमा ०.३४ प्रतिशत, २० लाख रुपैयाँदेखि १ करोड रुपैयाँसम्मको ०.३० प्रतिशत र १ करोड रुपैयाँमाथि ०.२७ प्रतिशत ब्रोकर कमिसन तिर्दै आएका थिए । मंगलबारदेखि सेयर लगानीकर्ताहरुले बैंकको ब्याज पनि सस्तिएको छ । जेठ महिनाका लागि १० वाणिज्य बैंकहरुले निक्षेपको ब्याज घटाउँदा आधार दर सस्तो हुँदा बैंकमा ऋणीहरुले तिर्ने ब्याज पनि कम कम भएको छ ।

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

## 'विषादी बिष हो : औषधी होइन'

- बिषादी प्रयोग गर्दा सुरक्षित पहिरनको प्रयोग गर्ने गरौं ।
- गुणस्तरहिन तथा म्याद नाघेको बिषादीहरुको प्रयोग नगरौं ।
- बिषादी प्रयोग गरेको अवस्थामा खानेकुरा, पेय पदार्थ, सूर्ति तथा चुरोटपान आदि सेवन नगरौं ।
- ज्यादै कडा तथा आवश्यकता भन्दा बढी बिषादीहरुको प्रयोग नगरौं ।
- स्पष्ट जानकारी बिना बिषादीहरु एक अर्कामा मिसाइ प्रयोग नगरौं र पानी परेको, हावा चलेको तथा शित परेको अवस्थामा बिषादीहरुको प्रयोग नगरौं ।

**अनुरोधक**
**नेपाल सरकार**
**कृषि तथा पशुपन्छि विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई (तरकारी जोन)**
**पाल्पा**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई